केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्याः बै.वि.नि.वि./नीति/परिपत्र/कखग/५/०७७/७८ मितिः २०७७/०८/०९

इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट इजाजातपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को इ.प्रा.निर्देशन नं. २१/०७७ को बुँदा नं. २८ पछि देहायबमोजिम बुँदा २९ थप गरी क्रमसंख्या मिलान गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

२९. "व्यवसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७" सम्बन्धमा।

(क) नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/०७/२७ को निर्णयबाट स्वीकृत "व्यवसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७" मा उल्लेखित व्यवस्थाहरु तथा देहायबमोजिम प्रक्रिया पुरा गरी बैंक तथा वित्तीय संस्थाले व्यवसायिक निरन्तरता कर्जा प्रवाह गर्नु पर्नेछ :-

१) कार्यविधिको दफा ६ को उपदफा १ को व्यवस्था अनुसार देहायबमोजिमको व्यवसायिक निरन्तरता कर्जा सीमा स्वीकृत गर्नु पर्नेछ :-

(क) अति प्रभावित क्षेत्रः श्रमिक वा कर्मचारीको वार्षिक पारिश्रमिक तथा सोको ५० प्रतिशत थप (व्यवसाय निरन्तरताको लागि) गरी कुल रकम वा अधिकतम दश करोड रुपैंयासम्म।

(ख) मध्यम प्रभावित क्षेत्रः श्रमिक वा कर्मचारीको वार्षिक पारिश्रमिक तथा सोको ५० प्रतिशत थप (व्यवसाय निरन्तरताको लागि) गरी कुल रकम वा अधिकतम सात करोड रुपैंयासम्म।

(ग) न्यून प्रभावित क्षेत्रः श्रमिक वा कर्मचारीको वार्षिक पारिश्रमिक तथा सोको ५० प्रतिशत थप (व्यवसाय निरन्तरताको लागि) गरी कुल रकम वा अधिकतम पाँच करोड रुपैंयासम्म।

२) यस्तो कर्जा आफ्नो प्राथमिक पूँजीको १० प्रतिशत सम्म मात्र प्रवाह गर्न सकिनेछ।

३) सीमा स्वीकृत गर्दा कार्यविधिको दफा ६ को उपदफा २ को व्यवस्थाका साथै कार्यविधि बमोजिम प्रवाहित कुल कर्जाको ३० प्रतिशत रकम घरेलु, साना तथा मझौला उद्यमको लागि प्रवाह गर्नुपर्नेछ।

४) यस्तो कर्जा प्रवाह गर्दा कर्जा सूचना शुल्क लगायत तेश्रो पक्षलाई भुक्तानी गर्नुपर्ने शुल्क

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

बाहेक अन्य कुनैपनि किसिमको सेवा शुल्क लिन पाइने छैन।

५) बैंक तथा वित्तीय संस्थाले अनलाइन प्रणालीबाट समेत कर्जाको लागि आवेदन प्राप्त गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(ख) बैंक तथा वित्तीय संस्थाले व्यवसायिक निरन्तरता कर्जा प्राप्त गरेका ऋणीको विवरण आफ्नो वेबसाइटमार्फत त्रैमासिक रुपमा सार्वजनिक गर्नु पर्नेछ।

भवदीय,

(देव कुमार ढकाल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
(९) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
(१०)श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली।
(११)श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर।
(१२)श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार।